श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ।

२०३३ सालको ऐन नं. ४५

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम्।**

### सरकारी रकम असूल फछ्र्यौट ऐन, २०२५ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावना: सरकारी रकम असूल फछर्यौट ऐन, २०२५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "सरकारी रकम असूल फछर्यौट (पहिलो संशोधन) ऐन, २०३३" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. सरकारी रकम असूल फछर्यौट ऐन, २०२५ को दफा २ मा संशोधन : सरकारी रकम असूल फछर्यौट ऐन, २०२५ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को,–

(१) खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छः–

"(ग) "जिम्मेवार व्यक्ति" भन्नाले सरकारी नगदी जिन्सी असूलउपर

T45

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गर्ने, जिम्मा लिने वा तोकेको स्थानमा दाखिल गर्ने वा नियमानुसार खर्च गरी आन्तरिक वा अन्तिम लेखापरीक्षण गराई हिसाब फछ्र्याउने कर्तव्य भएको व्यक्ति सम्झनुपर्छ र सो शब्दले सरकारी कामको लागि सरकारी नगदी वा जिन्सी लिई वा नलिई सो काम फछर्याउने जिम्मा लिने गैर सरकारी व्यक्तिलाई समेत जनाउनेछ ।"

(२) खण्ड (ग) पछि देहायको खण्ड (ग१) थपिएको छः–

"(ग१) "लेखाउत्तरदायी अधिकृत" भन्नाले आफ्नो मातहतको कार्यालय, आयोजना वा पटके कामको आर्थिक कारोवारको लेखा राख लगाउने, लेखा विवरण तयार गराउने, आन्तरिक लेखापरीक्षण गराउने, महालेखापरीक्षकबाट लेखापरीक्षण गराउने वा बेरूजु नियमित गराउने, मिनाहा गराउने वा असूल गर्ने कर्तव्य भएको श्री ५ को सरकारको सचिव वा अन्य कार्यालयहरूका प्रशासकीय प्रमुख वा त्यस्तो सचिव वा प्रशासकीय प्रमुखले सो काम गर्न तोकेको अन्य कुनै अधिकृत सम्झनुपर्छ ।"

(३) खण्ड (घ) पछि देहायको खण्ड (घ१) थपिएको छः–

"(घ१) "केन्द्रीय तहसील कार्यालय" भन्नाले श्री ५ को सरकारले स्थापना गरेको केन्द्रीय तहसील कार्यालय सम्झनुपर्छ ।"

३. मूल ऐनको दफा ६ मा संशोधनः मूल ऐनको दफा ६ को सट्टा देहायको दफा ६ राखिएको छः–

"६ बेरूजु फछ्र्यौट गर्नुपर्नेः (१) महालेखापरीक्षकद्वारा प्रस्तुत गरिएको प्रतिवेदनमा दर्शाइएको बेरूजुका सम्बन्धमा सो बेरूजुको सूचना प्राप्त भएको पैंतीस दिनभित्र मन्त्रालय, सचिवालय, विभाग, अड्डा, अदालत वा कार्यालयले फछ्र्यौट गरी महालेखापरीक्षकको विभागबाट सम्परीक्षण गराउनु पर्नेछ ।

(२) उप–दफा (१) बमोजिमको म्यादमा बेरूजु फछ्र्यौट हुन नसक्ने मनासिब माफिकको कारण भएमा आवश्यक थप म्यादको लागि मन्त्रालय, सचिवालय, विभाग, अड्डा, अदालत वा कार्यालयले महालेखापरीक्षकको विभागमा लिखित अनुरोध गरी निकासा भई आएबमोजिम गर्नुपर्ने छ।"

४. मूल ऐनमा दफा ६ पछि थपः मूल ऐनको दफा ६ पछि देहायका दफा ६क., ६ख. र ६ग. थपिएका छन्ः–

"६क. केन्द्रीय तहसील कार्यालय प्रमुखको काम कर्तव्यः यो ऐन र अन्य प्रचलित नेपाल कानूनबमोजिम जिम्मेवार व्यक्तिबाट असूलउपर गर्नुपर्ने

८६०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

रकमहरू र यो दफा प्रारम्भ हुँदाको बखत स्रेस्ता तहसील कार्यालयमा बक्यौता रहन गएका कलमहरूको लगत कसी असूलउपर गर्ने गराउने काम कर्तव्य केन्द्रीय तहसील कार्यालय प्रमुखको हुनेछ ।

६ख. बेरूजु लगत कायम गर्नेः (१) लेखापरीक्षणबाट देखिएको भ्रष्टाचार, मस्यौट र हिनामिना भएको रकम वा तोकिएबमोजिको कार्यविधि अपनाई नियमित हुन नसकेको बेरूजु रकम जिम्मेवार व्यक्तिबाट असूल गर्नुपर्ने भनी लगत कायम गरिनेछ र त्यसको सूचना जिम्मेवार व्यक्तिलाई समेत दिइनेछ ।

(२) उप–दफा (१) बमोजिम असूलउपर गर्नुपर्ने ठहरिएको बेरूजुको लगत लेखा उत्तरदायी अधिकृतले तोकिएबमोजिम केन्द्रीय तहसील कार्यालयमा पठाउनु पर्नेछ ।

६ग. बेरूजु रकम जायजेथाबाट असूलउपर गर्न सकिनेः (१) दफा ६ख. को उप–दफा (२) बमोजिम लगत कसी आएको बेरूजु रकम केन्द्रीय तह–सील कार्यालयले तोकिएबमोजिम फछर्यौट गर्न सक्नेछ । यसरी फछर्यौट गर्दा पनि नियमित हुन नसकेको बेरूजु रकम केन्द्रीय तहसील कार्यालयले सम्बन्धित जिम्मेवार व्यक्तिको जायजेथाबाट लीलाम बिक्री गरी असूल-उपर गर्न सक्नेछ ।

(२) उप–दफा (१) बमोजिम जिम्मेवार व्यक्तिबाट बरूजु रकम असूल गर्दा केन्द्रीय तहसील कार्यालयले आफै वा अन्य कार्यालयद्वारा असूलउपर गराउन सक्नेछ ।"

५. रूपान्तरः मूल ऐन तथा अन्य प्रचलित नेपाल कानूनमा "एकाउण्टेण्ट जनरलको कार्यालय" वा "महालेखापालको कार्यालय" भन्ने शब्दहरू प्रयोग भइरहेका ठाउँहरूमा त्यसको सट्टा "महालेखानियन्त्रक कार्यालय" भन्ने शब्दहरू राखिएका छन् ।

लालमोहर सदर मितिः– २०३३।७।४।४

आज्ञाले–
चूडामणिराज सिंह मल्ल
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८६९

मुद्रण विभाग, सिंहदरबार

८६२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।